आकाशवाणी

31-1-26 sat

सर्वप्रथम मुख्य समाचार -

- देशका विभिन्न भागबाट आएका महाविद्यालयका लगभग तीस विद्यार्थीहरूलाई भोली लोकसभा गेलरीबाट केन्द्रीय बजेटको सीधा प्रसारण देख्ने अवसर मिल्नेछ
- उपराष्ट्रपतिले हरियाणाको फरीदाबादमा उन्चालिस औं **सूरजकुण्ड अन्तरार्ष्ट्रीय शिल्प मेला** दुई हजार छब्बीसको गर्नुभयो उद्घाटन
- सरकारले वक्फ सम्पत्तिहरूको प्रबन्धनलाई पारदर्शी, जन-सुलभ र जवाबदेह बनाउनका लागि **उम्मीद पोर्टलमा सर्वेक्षण मोड्यूल** तथा **वक्फ सम्पत्ति Lease मोड्यूल** शुरू गरेकोछ,अनि
- भारत-यूरोपीय संघ मुक्त व्यापार समझौता- एफ.टी.ए –ले यूरोपीय संघलाई भारतको निर्यात पाँच वर्षमा दुईगुना हुनसक्ने वाणिज्य र उद्योग मन्त्रीको भनाइ

----------

**संशो सीतारामन-बजट**

देशका विभिन्न भागबाट आएका महाविद्यालयका लगभग तीस विद्यार्थीहरूलाई भोली लोकसभा गेलरीबाट केन्द्रीय बजेटको सीधा प्रसारण देख्ने अवसर मिल्नेछ । वित्त मन्त्रालयले वक्तव्यमा भनेकोछ, यसले विद्यार्थीहरूलाई वर्षको सबैभन्दा महत्वपूर्ण संसदीय कार्यवाही देख्ने अवसर मिल्नेछ । यी विद्यार्थी भारतको विभिन्न राज्यबाट वाणिज्य, अर्थशास्त्र, चिकित्सा र व्यावसायिक पाठ्यक्रमहरू सहित विभिन्न शैक्षणिक विषय संग सम्बन्धित छन्। विद्यार्थीले कर्तव्य भवन- एक- स्थित वित्त मंत्रालयको पनि यात्रा गर्नेछन् । यसले उनीहरूलाई मन्त्रालयको कामकाज, नीति निर्माण प्रक्रिया र राष्ट्र निर्माणमा संस्थानहरूको भूमिकालाई बुझ्ने अवसर पनि प्राप्त हुनेछ।

वित्त मन्त्री निर्मला सीतारामनले साँझ , यी विद्यार्थीहरूका साथ संवाद गर्नुहुनेछ र बजेटको प्रमुख प्राथमिकताहरू , देशको भविष्यका लागि यसको दृष्टिकोण र युवाहरूमा यसको प्रभावहरूमा चर्चा गर्नुहुनेछ । यसै गरी विद्यार्थीहरूले पनि वित्त मन्त्री संग आफ्नो विचार, दृष्टिकोण र आकाङ्क्षाहरू साझा गर्नेछन् । यस पहलको उद्देश्य विद्यार्थीहरूको वित्त, अर्थशास्त्र, शासन तथा लोकतान्त्रिक प्रक्रिया बारे अवगत गराउनु हो ।

## 39 संशो उपराष्ट्रपति- सूरजकुंड महोत्सव

उपराष्ट्रपति सी पी राधाकृष्णनले आज हरियाणाको फरीदाबादमा उन्चालिस औं **सूरजकुण्ड अन्तराष्ट्रीय शिल्प मेला** दुई हजार छब्बीसको उद्घाटन गर्नुभयो । श्री राधाकृष्णनले यस कार्यक्रममा **मेला साथी ऐप-को** पनि शुभारम्भ गर्नुभयो । यस अवसरमा श्री राधाकृष्णनले भन्नुभयो, देशका कारीगर धेरै पुरानो ज्ञानको संरक्षक हुन् र उनीहरूलाई सशक्त बनाउन एउटा मजबूत, समावेशी र टिकाऊ अर्थव्यवस्थाको निर्माण आवश्यक छ। उहाँले भन्नुभयो, प्रधानमन्त्री नरेन्द्र मोदीको दूरदर्शी नेतृत्वमा भारतको सांस्कृतिक विरासत र पारम्परिक हस्तशिल्प क्षेत्रलाई राष्ट्रीय पुनर्जागरणको केन्द्रमा राखिएको छ । उपराष्ट्रपतिले भन्नुभयो, प्रधानमन्त्री विश्वकर्मा कौशल सम्मान योजना जस्तो पहलले कारीगरहरूलाई सम्पूर्ण सहायता, कौशल विकास र आर्थिक सशक्तिकरण प्रदान गरिरहेकोछ।

## 7. प्रधानमन्त्री मोदी-वेनेजुएला

प्रधानमन्त्री नरेन्द्र मोदी र **वेनेजुएलाका** कार्यवाहक **राष्ट्रपति डेल्सी रो-ड्रिग्ज-ले** व्यापार र निवेश, ऊर्जा, डिजिटल प्रौद्योगिकी, स्वास्थ्य, कृषि र जन-सम्बन्ध सहित सबै क्षेत्रमा द्विपक्षीय साझेदारीलाई अझै मजबूत गर्नमा सहमति व्यक्त गर्नुभयो । विदेश मन्त्रालयले बताएकोछ , हिजो दुबै नेताले टेलीफोनमा बात गर्नुभयो। दुबै नेताले पारस्परिक हितको विभिन्न क्षेत्रीय र

वैश्विक मुद्द◌ामा बातचीत गर्नुभयो र विकासशील देशका लागि घनिष्ठ सहयोगको महत्वमा चर्चा गर्नुभयो।

**29 गृह मंत्रालय- आईजीपी**

सरकारले पुलिस **अधीक्षक-एस.पी** र उप महानिरीक्षक-**डी.आई.जी** र◌ेङ्क-का भारतीय पुलिस सेवा-**आई.पी.एस** अधिकार◌ीहरूका लागि केन्द्र सरकारमा पुलिस महानिरीक्षक-**आई.जी.प◌ी** पदमा नियुक्तिका लागि द◌ुई सालको केन्द्रीय अनुभव अनिवार्य गरेकोछ। गृह मन्त्रालयले यस सम्बन्धमा सबै राज्य सरकारहरूका मुख्य सचिवलाई पत्र ल◌ेख◌ेको छ । मन्त्रालयका अनुसार, य◌ो निर्देश दुई हजार एघाह्र  ब◌्याच भन्दा अघिका आई.पी.एस अधिकार◌ीहरूमा लागू ह◌ुनेछ।

**36 सरकार - वक्फ सम्पत्ति**

सरकारले वक्फ सम्पत्तिहरूको प्रबन्धनलाई पारदर्शी, जन-सुलभ र जवाबदेह बनाउनका लागि **उम्मीद पोर्टलमा सर्वेक्षण म◌ोड्यूल** तथा **वक्फ सम्पत्ति पट्टा म◌ोड्यूल** शुरू गरेको छ। अल्पसंख्यक कार्य मन्त्रालयले भनेकोछ, सर्वेक्षण म◌ोड्यूलले, पोर्टलमा वक्फ सम्पत्त◌ीहरूको सर्वेक्षण संग सम्बन्धित जानकारीलाई एकत्र गर्ने, प्रबन्धित गर्ने र अद्यतनका लागि डिजिटल ढा◌ँचा प्रदान  गर्छ । वक्फ सम्पत्ति पट्टा प्रबन्धन म◌ोड्यूललाई वक्फ सम्पत्तिहरूको पट्टा सम्बन्धी जानकारीको सम्पूर्ण प्रबन्धनलाई सुगम बनाउने उद्देश्यले प्रारम्भ गरिएकोछ । य◌ो म◌ोड्यूलले पट्टा जानकारी, अवधि, राशि र अन्य आवश्यक विवरणलाई व्यवस्थित तथा पारदर्शी तरीक◌ाले र◌ेकर्ड र रेखदेख गर्नमा सक्षम बनाउँछ।

**जयशंकर - भारत अरब एफएमएम**

विदेश मन्त्री ड ा. एस. जयशंकरले भन्नुभयो, **आतङ्कवादलाई कतइ नसहने नीतिका लागि** एउटा बलियो र सार्वभौमिक नियम ह ुनुपर्छ । उहाँले आज नयाँ दिल्लीमा चल िरह ेको द ोस ्रो भारत-अरब विदेश मन्त्र ीहरूको बैठकमा आफ्नो उद्घाटन भाषणमा यसो भन्नुभएको हो। ड ा. जयशंकरले बताउनुभयो, आतंकवादका सबै रूपले भारत र अरब देशलाई समान रूपमा खतरा छ । उहाँले विशेष रूपले सीमा पार आतङ्कवादलाई अस्वीकार्य बताउनुभयो र भन्नुभयो, यसले अन्तरराष्ट्रीय सम्बन्ध र कूटनीतिको बुनियादी सिद्धान्तको उल्लङ्घन गर्छ । उहाँले यस वैश्विक समस्या स ंग निपट ्नका लागि अन्तरराष्ट्रीय सहयोगलाई बलियो गर्ने आवश्यकतामा जोड दिनुभयो ।

**52 अमित शाह बंगाल**

गृह मन्त्री अमित शाहले आज पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब ेनरजी र तृणमूल क ंग्रेसमा समाजलाई विभाजन गर्ने र राज्यलाई कमजोर गर्ने आरोप लगाउनुभयो । श्री शाहले बागड ुग्रा-मा भाजपा र ेलीलाई सम्बोधन गर्दै भन्नुभयो, ममता ब ेनरजीको नेतृत्व भएको सरकारले समुदायहरूलाई एक-आपसका विरूद्धमा खड़ा गरेर बंगालको सामाजिक एकतालाई न ोकसान प ुर्याएको छ।

**32 गोयल भारत-यूरोपीय संघ एफटीए**

वाणिज्य र उद्योग मन्त्री पीयूष गोयलले भन्नुभयो, भारत-यूरोपीय संघ मुक्त व्यापार समझौत ा- **एफ.टी.ए** –ले यूरोपीय संघलाई भारतको निर्यात पा ँच वर्षमा द ुईगुना ह ुनसक्छ । श्री गोयलले व्यापार ीहरू सूक्ष ्म, लघु र मध्यम उद्यम, स्टार्टअप्स र उद्यम ीहरू संग आफ्नो कारोबारलाई अन्तरराष्ट्रीय स्तरमा विस्तार गर्ने आग्रह गर्नुभयो । श्री गोयलले

बताउनुभयो, यो व्यापार समझौताले भारतलाई विभिन्न प्रकारको लाभ पुर्याउनेछ।

## 46 तथ्य जांच - मूल्य सूचकांक

सरकारले सोशल मीडियामा चलीरहेको त्यो खबरको खण्डन गरेकोछ जसमा , सरकारले उपभोक्ता मूल्य सूचकाङ्क-सी.पी.आई - को गणनाबाट खाद्य र शिक्षालाई हटाएको दावा गरिएको थियो । पत्र सूचना कार्यालय –पी.आई.बी को तथ्य जाँच इकाईले यो दावी झूठो रहेको र खाद्य र शिक्षा सी.पी.आई बास्केटको प्रमुख हिस्सा बनेको स्पष्ट गरेकोछ ।

**सरकारले नागरिकलाई सही जानकारीका लागि सधै आधिकारिक स्रोतहरूमा भरोसा गर्ने र कुनैपनि खबरलाई साझा गर्नुभन्दा पहिले त्यसको पुष्टि गर्ने आग्रह गरेकोछ। पी.आई.बी-ले सरकार संग सम्बन्धित कुनैपनि संदिग्ध सामग्रीको सूचना factcheck@pib.gov.in मा ईमेलका माध्यमले पठाउन अनुरोध गरेकोछ ।**